# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, भदौ ९ गते २०५७ साल (संख्या २४


## भाग ३

### श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

विकास समिति ऐन, २०१३ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड ८, अतिरिक्ताङ्क २०, मार्ग १९ गते २०१५ सालको नेपाल राजपत्र भाग ३ मा प्रकाशित औलो उन्मूलन समिति (मेलेरिया इराडिकेशन बोर्ड) गठन आदेश, २०१५ द्वारा गठित औलो उन्मूलन समिति (मेलेरिया इराडिकेशन बोर्ड), कार्तिक २६ गते २०२५ सालको नेपाल राजपत्र भाग ३ मा प्रकाशित नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण विकास समिति (गठन) आदेश, २०२५ द्वारा गठित नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण समिति र खण्ड ३९, अतिरिक्ताङ्क ५४ (क), पुस १७ गते २०४६ सालको नेपाल राजपत्र भाग ३ मा प्रकाशित पूर्वाञ्चल क्षेत्रीय अस्पताल विकास समिति (गठन) आदेश, २०४६ द्वारा गठित पूर्वाञ्चल क्षेत्रीय अस्पताल विकास समितिलाई विघटन गरेको छ ।

आज्ञाले,

डा दुर्गाप्रसाद मानन्धर

श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८२

श्री ५ को सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरी सोको संख्या, अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर र प्रक्रिया देहायबमोजिम तोकेको छः–

(क) दूरसञ्चार सेवाको किसिमः ग्रामीण दूरसञ्चार सेवा (पूर्वाञ्चल विकास क्षेत्र)

(ख) प्रदान गरिने अनुमतिपत्रको संख्याः १ (एक)

(ग) अनुमतिपत्र दस्तुरः दश वर्ष अवधिको लागि रु. १,००,०००।–(एक लाख)

(घ) नवीकरण दस्तुरः अनुमतिपत्र नवीकरण गर्नुपर्ने मितिको अघिल्लो आर्थिक वर्षमा सेवा प्रदायकले गरेको वार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकमभन्दा नबढ्ने गरी नेपाल दूरसञ्चार प्राधिकरणले तोकिदिएबमोजिमको दस्तुर ।

(ङ) अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रक्रियाः खण्ड (क) मा उल्लिखित दूरसञ्चार सेवा सञ्चालनका लागि अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिहरूबाट नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्रको लागि निवेदन दिने म्याद तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

द्रष्टव्यः नेपाल दूरसञ्चार प्राधिकरणले दिएको म्यादभित्र पर्न आएका निवेदन-हरूको मूल्याङ्कन गर्दा योग्य देखिएका निवेदनवालाहरूमध्ये सबैभन्दा कम अनुदान रकम लिई दूरसञ्चार सेवा सञ्चालन गर्न इच्छुक एक निवेदकलाई मात्र दूरसञ्चार सेवा सञ्चालन गर्न पाउने अनुमति प्रदान गर्नेछ ।

आज्ञाले,
प्रेमनिधि अवाली
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०५७।५।१२ को निर्णयानुसार नेपाल न्याय सेवा, कानून समूहका रा. प. द्वितीय श्रेणीका देहायबमोजिमका अधिकृतलाई मिति २०५७।४।१७ देखि बढुवा मिति कायम हुने गरी सोही सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बढुवा गरी देहायबमोजिमको पद र कार्यालयमा पदस्थापन गरिएको छ।

| क्र.सं. | नाम, हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री अनुपकुमार आचार्य, उप-सचिव जल तथा शक्ति आयोगको सचिवालय | कार्यकारी निर्देशक, जल तथा शक्ति आयोगको सचिवालय। |

### सूचना २

श्री ५ को सरकारको मिति २०५७।५।१२ को निर्णयानुसार नेपाल न्याय सेवा, सरकारी वकील समूहका रा. प. द्वितीय श्रेणीका देहायबमोजिमका अधिकृतलाई मिति २०५७।४।१७ देखि बढुवा मिति कायम हुने गरी सोही सेवा समूहको राजपत्रांकित प्रथम श्रेणीको पदमा बढुवा गरी देहायबमोजिमको पद र कार्यालयमा पदस्थापन गरिएको छ।

| क्र.सं. | नाम, हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री नारायणप्रसाद श्रेष्ठ, उप-न्यायाधिवक्ता, पुनरावेदन सरकारी वकील कार्यालय बागलुङ। | सह-न्यायाधिवक्ता, पुनरावेदन सरकारी वकील कार्यालय जुम्ला। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८६

## सूचना ३

श्री ५ को सरकारको मिति २०५७।५।१२ को निर्णयानुसार नेपाल न्याय सेवा, कानून समूह रा. प. प्रथम श्रेणीका देहायबमोजिमका अधिकृतहरूलाई सोही सेवा समूहको देहायबमोजिमको पद र कार्यालयमा सरुवा गरिएको छ।

| क्र.सं. | नाम, हालको पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री दिवाकर पन्त, सह-सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग। | सह-सचिव, नेपाल कानून सुधार आयोग। |
| २. | श्री बालप्रसाद श्रेष्ठ, सह-सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय। | सह सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग। |
| ३. | श्री कुलरत्न भूर्तेल, कार्यकारी निर्देशक, जल तथा शक्ति आयोगको सचिवालय। | सह-सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय। |

आज्ञाले,
विश्वमंगल आत्रेय
उप सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले लोक सेवा आयोगको सिफारिशमा देहायका व्यक्तिहरूलाई नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उप-समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरेको छः–

| क्र. सं. | नाम, थर | ठेगाना |
|---|---|---|
| १. | श्री अशोक शाह | जिल्ला सिराहा, इटवा महेशवारी गाउँ विकास समिति, वडा नं. ५ |
| २. | श्री दिलिप खतिवडा | जिल्ला झापा, दमक नगरपालिका, वडा नं. ६ |

आज्ञाले,
मुकुन्दप्रसाद अर्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।